# बर्दिवास नगरपालिका

# लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७

| कार्यपालिका बैठक नं. : संख्या : |
|---|

| कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०३/०८ |
|---|

| प्रमाणिकरण मिति : २०७७/०३/१६ |
|---|

बर्दिवास नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बर्दिवास, महोत्तरी

प्रदेश नं. २, नेपाल

बर्दिवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिवास, महोत्तरी

रेवती प्रसाद

# स्थानीय लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७

लैङ्गिक हिंसाबाट पिडित भएका व्यक्तिहरुको उद्धार तथा पुनस्थापना कार्यका लागि लैङ्गिक हिंसा निवारण कोष खडा गर्न आवश्यक देखिएकोले प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार र लैगिंक हिंसा निवारण कोष (संचालन) (दोस्रो संशोधन) नियमावली २०७६ को नियम ३ को उपनियम ३(ख) प्रयोग गरी लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको तत्काल उद्धार गरि अधिकार, संरक्षण, सम्वर्द्धन र सम्मानको लागि आवश्यक व्यवस्था गर्न बर्दिवास नगरकार्यपालिकाको मिति २०७६साल फागुन महिना २३ गतेको बैठकले लैगिंक हिंसा निवारण कोष स्थापना गरी संचालन गर्ने निर्णय गरे अनुसार बर्दिवास नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७ स्वीकृत गरी लागु गरेको छ'।

## १.संक्षिप्त नाम र प्रारम्भ :

१) यी नियमहरुको नाम "स्थानीय लैङ्गिक हिंसा निवारण कोष ( संचालन) कार्यविधि २०७७" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कोष "भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ख) " पिडित" भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति संझनु पर्छ ।

(ग) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल वा समाजमा हुने यौनजन्य दूव्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार, मानव बेचविखन वा ओसारपसारमा परेको लगायत लैङ्गिक आधारमा हुने शारीरिक वा मानसिक हिंसा सम्झनु पर्छ ।

(घ) " समिति" भन्नाले नियम ७ बमोजिमको कोष संचालन समिति सम्झनु पर्छ ।

## ३. कोषको स्थापना :

(१) लैङ्गिंक हिंसामा परेका व्यक्तिहरुलाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने काम समेतको लागि लैङ्गिंक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) यस नगरपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संध, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) संघ वा प्रदेशवाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

प्रमुख प्रशासकीय अधिकृत

बर्दिवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिवास, महोत्तरी प्रदेश नं. २

Scanned with CamScanner

**४. कोषमा रकम जम्मा गर्ने : -** लैङ्गिक हिंसामा परेका व्यक्तिको उद्धारको लागि नगरपालिकाले वार्षिक रुपमा कार्यपालिकाले तोके बमोजिमको रकम नघटाई कोषमा जम्मा गर्नेछ ।

**५. कोषको उपयोग :-**

कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :-

(क) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार गर्न,

(ख) समितिबाट स्वीकृत कार्यक्रम संचालन गर्न,

(ग) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,

(घ) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको हक हितको सम्बन्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कुल खर्चको ५% सम्मको रकम समितिको सचिवालय तथा बैठक संचालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

**७. समितिको गठन :**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष संचालन समिति रहनेछ ।

(२) देहाय बमोजिमको समिति रहनेछ ।

क) उप प्रमुख संयोजक

ख) शिक्षा शाखा प्रतिनिधि सदस्य

ग) वडा सदस्य सदस्य

घ) प्रहरी प्रमुख, इलाका प्रहरी कार्यालय सदस्य

ङ) लैगिंक हिंसाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुमध्ये प्रतिनिधित्व हुने गरि समितिले तोकेको संस्थाहरुबाट एक जना महिला सहित २ जना सदस्य

च) महिला तथा बालबालिका शाखा प्रतिनिधि सदस्य-सचिव

३) उपनियम (२) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि २ वर्षको हनेछ ।

४) उपनियम (२) को खण्ड (ग) बमोजिम १ सदस्य कार्यपालिकाले उपयुक्त ठहराएको व्यक्तिलाई चयन गर्न सक्नेछ ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## ८. समितिको काम कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार गर्ने तथा त्यस्ता व्यत्तिलाई राहत दिने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै व्यक्ति हिंसामा परे नपरेको निधारण गर्ने,

(ग) स्वीकृत कायक्रमका लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) लैङ्गिक हिंसामा परेको व्यक्तिको उद्धार तथा पुनस्थापन गर्ने,

(च) लैङ्गिक हिंसामा परेका व्यक्तिको अवस्था पहिचान गर्ने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ञ) लैङ्गिक हिंसामा परेका व्यक्तिका लागि अन्य काम गर्ने वा गराउने ।

## ९. समितिको बैठक र निर्णय :

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

)२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसुचि सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको संयोजकत्व समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यत्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकताअनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गराई राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

रेवती प्रसाद ...

Scanned with CamScanner

**१०. खाता संचालन :**

(१) कोषको रकम समितिले कुनै वाणिज्य बैंकमा खाता खोलि जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाता संचालन कार्यालय प्रमुख वा निजले तोकेको कुनै अधिकृत र आर्थिक प्रशासन शाखामा काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**११. कोषको लेखा र लेखा परिक्षण :**

(१) कोषको आय व्ययको लेखा नगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१२. रकमं फ्रिज नहुने :**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१३.प्रतिवेदन पेश गर्ने :**

(१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

**१४. बैठक भत्ता :** समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१५. अभिलेख राख्ने :** समितिले आफुले गरेको काम कारवाहिको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१६. निर्देशन दिन सक्ने :**

(१) नगरकार्यपालिकाले समितिको काम कारवाहीको सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१७. कोष खारेज हुने सक्ने :**

(१) कुनै कारणवस कोष संचालन गर्न आवश्यक नंभएमा नगरकार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी

Scanned with CamScanner

**१८. बचाउ र खारेजी :**

यस भन्दा अघि भए गरेका कार्यहरु यसै कार्यविधि अर्न्तगत भए गरेको मानिनेछ ।

**१९. अन्य :**

यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी

Scanned with CamScanner